नेपाल सरकार
गृह मन्त्रालय

प्रजिअ फोन : ०४७-५२०५३३
सप्रजिअ फोन : ५२०२५६
कार्यालय : ५२०६१०
फ्याक्स : ५२०१३३

# जिल्ला प्रशासन कार्यालय
## सिन्धुली


प.सं.: ०८२।०८३
च.नं.: १८४

**सवारी साधनको आवागमनमा निषेध सम्बन्धी अनुरोध ।**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको मिति २०८२।०७।११ गते प्रकाशित उच्च सर्तकताका लागि अनुरोध गरिएको सूचना बमोजिम यहि **कार्तिक १३ गते देखि १५ गतेसम्म** यस क्षेत्रमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ । यो जिल्ला बाढी पहिरोको उच्च जोखिममा रहेको देखिएकोले देहाय अनुसार गर्ने गराउन सम्बन्धित कार्यालयहरु, संस्थाहरु एवं जिल्लावासीका साथै यात्रामा रहनु भएका सबैमा सादर अनुरोध गर्दछौं ।

१. बर्षात र बाढि पहिरोबाट सवारी साधन र यात्रुहरुलाइ सम्भावित जोखिमबाट हुनसक्ने मानवीय र भौतिक क्षति हुन नदिनको लागि **मिति २०८२।०७।१३ र १४ गतेका (साँझ ५:०० बजे देखि विहान ५:०० बजेसम्मको समयमा) लागि वि.पि.राजमार्गको खुर्कोटबजार, सिन्धुली जिल्लाबाट काठमाण्डौं तर्फ जाने सवारी साधन आवागमनमा निषेध गरिएको छ ।** साथै दिउँसोको समयमा भारी वर्षाको अवस्थामा सुरक्षा निकायले जुनसुकै स्थानमा (सुरक्षित रहने गरी) सवारी साधन रोक्न सक्नेछ । विशेष गरी वि.पि.राजमार्ग र मध्यपहाडी राजमार्गमा सवारी साधन सञ्चालन गर्दा बर्षा भइरहेको अवस्थामा सवारी साधन नचलाउनु हुन अनुरोध छ।

अनुज भण्डारी
सहायक प्रमुख जिल्ला अधिकारी